# खोप लगाउने दिनको प्रकृया क्रम

| | |
|---|---|
| ① खोपको कुपनहरु बुझाउने | खोपको कुपन, प्रारम्भिक जाँच फारम (आउनु अघि भरेर ल्याउनु पर्ने), आफ्नो पहिचान खुल्ने कागजात (होकेन्स्यो, आदि) लगायतका ३ वटा सामग्रीहरु बुझाउनु होस। |
| ② प्रारम्भिक जाँच फारमको पुष्टी | जनस्वास्थ्य कर्मचारी अथवा नर्सले प्रारम्भिक जाँच फारममा लेखिएको जानकारीहरु चेक गर्नु हुनेछ। |
| ③ डाक्टर द्वारा प्रारम्भिक जाँच | डाक्टर द्वारा स्वास्थ्य परिक्षण गराई तपाईंको खोप लगाउने सम्भावनाको निर्धारण गरिनेछ। |
| ④ खोप लगाउने | खोप लगाइने छ। खोप लगाई सके पछी खोपको जानकारी लेखिएको स्टिकर टाँसेको प्रमाण देखाउने कागजात लिन नभुल्नुहोला। |
| ⑤ प्रगति अवलोकन | १५ देखी ३० मिनेट तपाईंको स्वास्थ्यको प्रगती अवलोकन गरिने छ। तोकिएको स्थानमा बसेर कुर्नुहोला। |

# सावधानी पुर्याउनु पर्ने कुराहरु

- अग्रिम बुकिङ गरेको व्यक्तिले मात्र खोप लगाउन पाउने छ। आफुलाई पायक पर्ने मितिमा बुकिङ पक्का गर्नुहोला।
- बुकिङ गरेको दिन र समय पक्का गरेर खोप लगाउने स्थानमा आउनुहोला । खोप लगाउने प्रकृया सकिन १ घण्टा जती लाग्दछ।
- पाखुराको माथिल्लो भागमा खोप लगाउने हुनाले काँध सम्म माथी सार्न मिल्ने खुकुलो बाहुला भएको लुगा लगाएर आउनु होला।
- कोरोना भाइरस सर्नबाट रोक्नका लागी मास्क लगाएर आउनुहोला।
- प्रारम्भिक जाँच फारम भर्दा बलपेनले भर्नु होला । (शिशाकलम अथवा मेट्न मिल्ने बलपेनले भर्न पाइने छैन।)
- ज्वरो आएमा अथवा अन्य बिरामी परेमा खोप लगाउने स्थानमा नगइकन स्वास्थ्य तथा दिर्घायु विभागमा सम्पर्क गर्नुहोला।



## फारम भर्ने प्रकृया सम्बन्धी सम्पर्क

स्वास्थ्य तथा दिर्घायु शाखा, स्वास्थ्य प्रवर्धन विभाग
फोन: ०८२६-४२-५६३३
ओतासुके फोन: ४२-५६३३
फ्याक्स: ०८२६-४७-१२८२

## खोप सम्बन्धी सम्पर्क

हिरोशिमा प्रान्त (पृफेक्चर्), खोप सम्बन्धी कल सेन्टर
फोन: ०८२-५१३-२८४७
फ्याक्स: ०८२-२११-३००६